श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वोरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले वनाइवक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०२० सालको ऐन नं. ३१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला अोजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम्।

### नेपाल राष्ट्रबैंक ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– नेपाल राष्ट्रबैंक ऐन, २०१२ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नेपाल राष्ट्रबैंक (चौथो संशोधन) ऐन, २०२०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा ७ मा संशोधनः– (१) मूल ऐनको दफा ७ को उप–दफा (१)को खण्ड (ङ) खारेज गरिएको छ।

(२) मूल ऐनको दफा ७ को उप–दफा (२) पछि निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

तर सरकारी वा गैरसरकारी कम्पनी वा कर्पोरेशनको सञ्चालक पदमा वहाल रहेको सरकारी कर्मचारीको हकमा यस बैंकको सञ्चालक हुन वा रहन वाधा पर्नेछैन।

680

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ११मा संशोधनः— मूल ऐनको दफा ११ को सट्टा निम्नलिखित दफा ११ राखिएको छः-

११. संचालक समितिलाइ मूलतवि राख्ने सरकारको अख्तियारः- यस ऐन बमोजिम गर्नु पर्नेकाम गर्न असमर्थ ठहरायमा सरकारले नेपाल गजेट्मा प्रकास गरि संचालक समितिलाइ मुलतवि राखि त्यसको ठाउमा यस ऐन वमोजिम बैंक संचालन गर्न कुनै व्यक्ति वा संस्थालाइ मुकरर गर्न सक्ने छ। त्यस्ता व्यक्ति बा संस्थाले यस ऐन वमोजिम संचालक समितिले पाएको सबै अधिकार प्रयोग गर्न सक्नेछन ।

तर यसो गरिसकेपछि सरकारले यसोगर्नू पर्नेको कारणखोलि राष्ट्रिय पञ्चायतमा र राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको अवस्थामा श्री ५ महाराजाधिराजका हजूरमा बढीले वढी तीन महिना भित्र विस्तृत विवरण पेशगर्नु पर्नेछ।

४. रूपान्तरः— मुल ऐनमा नेपाल राज्य, भन्ने लेखिएका ठाउँहरूमा सोशब्दहरूको सट्टा "नेपाल अधिराज्य" भन्ने शब्दहरू राखिएको छ ।

लालमोहर सदर मितिः—२०२०।११।१६।६

आज्ञाले—

विनोदप्रसाद धिताल

श्री ५ को सरकारको सह—सचिव

६८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।